अरु जानकारीको लागी हेर्नुस सिटिजनसिप एण्ड इमिग्रेशन् क्यानाडा (सी आई सी) को वेबसाइत : www.cic.gc.ca

- आफन्तको आश्रय दाता बन्न : www.cic.gc.ca/english/immigrate/sponsor/index.asp
- अधिकारहरु र बसाइ सम्वन्धि नियमावली : www.cic.gc.ca/english/newcomers/about-pr.asp#pr_can
- रेफ्युजी प्रकृया सम्वन्धि : www.cic.gc.ca/english/refugees/inside/apply-who.asp
- स्थायी बासिन्दा सम्वन्धि : www.cic.gc.ca/english/immigrate/index.asp
- उत्तप्रवास सल्लाहकार सम्वन्धि : www.cic.gc.ca/english/information /representatives/faq.asp
- क्यानाडाको नागरीक हुने सम्वन्धि : www.cic.gc.ca/english/citizenship/become-eligibility.asp#time
- प्रवेस निषेधित व्यक्तीहरु बारे : www.cic.gc.ca/english/information/inadmissibility/who.asp

नोभा स्कोसिया नोमिनि प्रोग्राम सम्वन्धि जानकारी : www.novascotiaimmigration.ca/immigrants/immigrating-to-ns

शुरु गर्नुस एल आई यस् एन यस् को अनलाइन कानूनी जानकारी बाट, तपाईले धेरै कानूनी प्रश्नहरु को उत्तरहरु पाउनु हुनेछ : www.legalinfo.org

निशुल्क कानूनी जानकारीको लागि फोन गर्नुस, हाम्रो कानूनी जानकारी लाईनमा १-८०० -६६५-९७७९ अथवा ४५५-३१३५

के तपाई लाई वकिलको जरुरत छ ? एक वकिलको सिफारीस लागी हाम्रो वकिल सिफारीस सेवामा फोन गर्नुहोस १-८०० -६६५-९७७९ अथवा ४५५-३१३५ । तपाईले डलर २० जोड् एछ यस टी तिरी वकिल संग ३० मिनेट भेटने प्लान बनाउन सक्नु हुन्छ । यसले तपाईको प्रमुख प्रश्नहरुको उत्तरहरु दिनेछ ।

यदि तपाईले खालि रेकर्ड गरेको कुनै कानूनी विषयमा जानकारी सुन्न चाहानु हुन्छ भने फोन गर्नुहोस डाइल-अ-ल मा ४२०-१८८८

हेलीफ्याक्स रेफ्युजी ल्किनिकले रेफ्युजी सम्वन्धि मुद्धा तयार पार्ने र नोभा स्कोसियामा अरु रेफ्युजी सम्वन्धि कानुनी सेवा प्रदान गर्दछ :
१५८१ ग्राफटन स्ट्रीट्, हेलीफ्याक्स, एन एस, वि३जे २सी३
फोन : ९०२ ४२२ ६७३६ अथवा उनीहरुको वेब साइत हेर्नुहोस् http://halifaxrefugeeclinic.org

उत्तप्रवास र रेफ्युजी बोर्ड ( आई आर बी) : www.irb-cisr.gc.ca

क्यानाडा भित्र के ल्याउन मिल्छ बुझ्नको लागी द क्यानाडा वोर्डर सर्भीसेज् एजेन्सी्मा हेर्नुहोस् : www.beaware.gc.ca/english/toce.shtml

यदी तपाई को कुनै कानूनी समस्या छ भने तपाईले एक वकिल संग कुरा गर्नु पर्छ । कानूनहरु र नियमहरु बदलिन सक्छ । तपाईले एक वकिल संग अथवा सिटिजनसिप एण्ड इमिग्रेशन् क्यानाडामा यस पम्प्लेटमा उल्लेखित कानूनहरु फरक भएमा बुझ्नु पर्छ । यदि तपाई प्रहरी हिरासतमा वा अपराध संम्वन्धि न्यायालयमा हुनु हुन्छ भने तपाईले निशुल्क दोभासे सेवा पाउनु हुनेछ ।

*यस पम्प्लेटले साधारण कानूनी जानकारी दिन्छ, तर यसले कानूनी परामर्श दिदैन।*


LEGAL Information SOCIETY OF NOVA SCOTIA
5523 B Young Street
Halifax, Nova Scotia
Canada B3K 1Z7



NOVA SCOTIA
नोभा स्कोसिया प्रोभिन्स को सहयोगमा
मार्च २०१२




नवआगन्तुकहरुले के जान्न जरुरी छ

# उत्तप्रवासको पदस्थिति

यो पम्प्लेटले जानकारी दिन्छ क्यानाडाको उत्तप्रवास प्रकिया र नवआगन्तुकहरुको अधिकारहरु र जिम्मेवारीहरुको ।

LEGAL Information SOCIETY OF NOVA SCOTIA

उत्तप्रवास प्रकियाहरु द्धारा क्यानाडाले हरेक वर्ष हजारौं नवआगन्तुकहरु लाई स्वागत गर्दछ । नवआगन्तुकहरुले क्यानाडाको वैधिकता र जन्मस्थत्व र क्यानाडाको आर्थिक विकासको लागी प्रमुख भुमिका खेल्न सक्दछ ।

क्यानाडाको उत्तप्रवास प्रकिया जटिल छ । यहाँको कानून र नियमहरु नवआगन्तुकहरु र उनिहरु लाई सहयोग गर्न चाहनेहरु को लागी दुविधापूर्ण हुन सक्छ । यो पम्प्लेटले नवआगन्तुकहरु कसरी क्यानाडामा आउन सक्छ, र उनिहरुको अधिकारहरु र जिम्मेवारीहरुको जानकारी गराउँछ । क्यानाडाको संविधान अनुरुप, उत्तप्रवास क्यानाडा सरकार, प्रान्त र टेरिटोरिज्को साझा जिम्मेवारी हो । विदेशीमुलको नागरिक जो क्यानाडामा आउन चाहन्छन्, नवआगन्तुकको वर्गिकरण, र कुन व्यक्ति लाई आउन नदिने अथवा क्यानाडामा बस्न दिने आदिको आवश्यक नियमहरु बनाउने जिम्मेवारी क्यानाडा सरकारको हुन्छ ।

प्रोभिन्सेल नोमिनि प्रोग्रामले प्रान्तीय र टेरिटोरिज् सरकार लाई उत्तप्रवासको लागी चयन गर्ने जिम्मा दिएको छ जस अन्तर्गत उनीहरुले श्रम् बजारको आवश्यकता हेरि व्यक्तिहरु चयन गर्दछ । चयन भएको व्यक्तिले स्थायी बासिन्दाको लागी आवेदन दिन पाँउछ ।

## के उत्तप्रवासका लागि विभिन्न तहहरु छन् ?

हो छ , यहाँ उदाहरणहरु छन् विभिन्न तहहरुका :

एक **स्थायी बासिन्दा** त्यो व्यक्ति हुन्छ जसले स्थायी बसोबासका लागि आवेदन दिएको र अनुमती पाएको हुन्छ । तपाईले स्थायी बसोबासको अनुमती पाए पछी सिटिजनसिप एण्ड इमिग्रेशन् क्यानाडाले तपाई लाई स्थायी कार्ड भन्ने कागजात दिनेछ । तपाईले हरेक ५ वर्षमा कार्ड नविकरण गर्न निवेदन दिन सक्नु हुन्छ । इमिग्रेशन र रिफ्यूजी संरक्षण कानून अनुरुप तपाई स्थायी बासिन्दा ठहरीय सम्म तपाई क्यानाडामा आउन र बसोबास गर्न सक्नु हुन्छ । यदि तपाई देश बाट बाहिर जाँदै हुनुहुन्छ भने आफ्नो स्थायी कार्ड बोकी हिड्नु पर्दछ । तपाईले व्यवसायिक हवाई जहाज, पानी जहाज, रेल र बस, अथवा क्यानाडा अरु माध्यममा भित्रनु परेमा एउटा आधिकारीक स्थायी बासिन्दा कार्ड ले तपाई लाई स्थायी बासिन्दा हो भनि प्रमाणीत गर्न मद्धत पुऱ्याउछ । स्थायी बासिन्दा ले इमिग्रेशन र रिफ्यूजी संरक्षण कानूनमा व्याख्या भए अनुरुप बासिन्दाको दायित्व पालना गर्नु पर्दछ । अरु जानकारीको लागी, कृपया यस पम्प्लेटको अन्तमा रहेको अधिकारहरु र बासिन्दाको नियमहरुको लिक अधिकारहरु र बसाइ सम्बन्धि नियमावलीमा हेर्नुहोस् ।

एक **अस्थायी बासिन्दा** त्यो व्यक्ति हो जसलाई क्यानाडामा अस्थायी अवधि सम्म बस्ने अनुमति दिएको हुन्छ र म्याद सकीएको खन्डमा क्यानाडा छोड्नु पर्दछ । अन्तराष्ट्रिय विद्यार्थीहरु, पर्यटक र पाहुनाहरु, र अस्थायी वैदेशिक कामदारहरु आदि अस्थायी बासिन्दा मध्येका उदाहरणहरु हुन् । स्थायी र अस्थायी बासिन्दाहरु क्यानाडाको नागरिक हुदैनन् । अस्थायी बासिन्दाहरु को स्थायी बासिन्दाहरु भन्दा केहि कम अधिकार र विशेषाधिकार हुन्छ, उनिहरुले क्यानाडामा तोकिएको समय भन्दा बढी बस्न पाउदैन, अन्यथा स्थायी बासिन्दा वा नागरिक हुनु पर्दछ ।

**रिफ्यूजीज् र त्यस्ता व्यक्तिहरु जसलाई सुरक्षाको जरुरत छ,** ति मानिसहरु जसलाई क्यानाडाको भित्र र बाहिर बाट आफ्नो देश फर्कदा एक किसिमको डर हुन्छ , जहां उनिहरु माथि ज्यान संम्बन्धि कारवाही र खतरा हुन्छ । मानवीय संस्कार र अन्तराष्ट्रिय दायित्व अनुरुप क्यानाडाले हरेक वर्ष हजारौं मानिसहरु लाई सुरक्षा प्रदान गर्दछ । एक आधिकारीक रिफ्यूजी र संरक्षित व्यक्ति लाई स्थायी बासिन्दा को पदवी दिन सकिन्छ र स्थायी बसोबास कार्ड प्रदान गर्न सकिन्छ ।

क्यानाडामा इमिग्रेशन र रिफ्यूजी बोर्डले कुन व्यक्ति रिफ्यूजी हो र कसलाई सुरक्षाको जरुरी छ भन्ने निर्धारण गर्दछ । रिफ्यूजी दाबेदार अस्थायी बासिन्दा हुँदैन्।

## के मलाई एक वकिल अथवा उत्तप्रवास सल्लाहकारको जरुरी पर्छ, क्यानाडामा बसाई सर्नु अघि ?

पर्दैन, तपाई लाई उत्तप्रवासको निवेदन दिन अघि वकिल अथवा उत्तप्रवास सल्लाहकारको जरुरी पर्दैन । तपाई लाई निवेदन दिन चाहिने सबै किसिमको फर्महरु, जानकारी र निर्देशिका सिटिजनसिप एण्ड इमिग्रेशन् क्यानाडा (सी आई सी) ले तँपाइ लाई निशुल्क उपलब्ध गराँउछ । कुनै व्यक्तिले तपाई लाई सुझाव दिए वा प्रतिनिधित्व गरे वापत सेवा शुल्क अथवा अरु कुनै किसिमको पारिश्रमिक लिन क्यानाडाको कुनै एउटा नियन्त्रक अंगमा दर्ता भएको हुनु पर्दछ । जानकारीको लागि सी आई सी को वेबसाइट हेर्नुहोस् जुन यो पम्प्लेटको अन्तमा समावेस छ ।

## म स्थायी वासिन्दा हुँ, मेरो अधिकारहरु के के छन ?

क्यानाडामा जन्मिएकाहरु सरि स्थायी बासिन्दाका धेरै अधिकारहरु हुन्छन्, यि अधिकारहरु पनि समावेस छ :

स्वास्थ्य सेवा सहित धेरै सामाजिक फाईदाहरु लिन सकिन्छ ।

- क्यानाडाका जुनसुकै ठाँउमा बस्न र काम गर्न पाँउछ ।
- जात, राष्ट्रियता, वर्ण, रङ्ग, लिङ्ग, उमेर, इन्द्रिय रोजाई र मानसिक र शारीरिक असक्षमता को आधारमा भेदभाव हुदैन ।
- तपाईको धर्म अपनाउन पाँउनु हुन्छ । र तपाईको विचार र धारणा अङ्गाल्न पाँउनु हुन्छ ।

सबै आवश्यकताहरु पुरा भएमा, तपाईले क्यानाडाको नागरिकताको लागि पनि निवेदन दिन पाँउनु हुन्छ ।

क्यानाडाको नागरिक हुन, वयस्कहरुले निवेदन हाल्नु भन्दा अघिको ४ वर्षको अन्तरकालमा क्यानाडामा कम्तीमा ३ वर्ष (१०९५ दिन) बसेको हुनु पर्दछ । १८ वर्ष मुनिका वालकहरुको लागि यो पुर्याउन आवश्यक छैन । तपाईले क्यानाडामा निवेदन हाल्नु भन्दा अघिको ४ वर्षको अन्तरकालमा बिताएको समय पनि गन्ती गर्न पाउनु हुन्छ । सी आई सी वेबसाइट को लिक र क्यालकुलेटर् बाहेक क्यानाडाको नागरिकताको लागि निवेदन दिन अरु जानकारी को वेबसाइट हेर्नु होस् जुन यो पम्प्लेटको अन्तमा समावेस छ ।

केहि अधिकारहरु यस्ता छन् तपाईले स्थायी बासिन्दा भएर पनि तपाईको हकमा हुदैन । उदाहरणको लागि तपाईले यो कुराहरु गर्न पाउनु हुदैन ।

- भोट हाल्न र राजनैतिक क्रियाकलाप गर्न ।
- न्याय सभामा भाग लिन ।
- क्यानाडीयन सेनामा भर्ति हुन ।
- कुनै आधिकारिक पद लिन जसमा विशेष सुरक्षा सम्बद्धि सफाइको जरुरत पर्दछ ।
- जघन्य अपराधको सिलसिलामा तपाई दोषी प्रमाणित भएर देश नछोड्नु र आदेश भएको खण्डमा छोड्नु ।

## यदि म स्थायी बासिन्दा छु भने के म अरु देशहरु भ्रमण गर्न सक्छु ?

सक्नु हुन्छ । तर तपाईले भ्रमण गर्नु अघि सहि कागजपत्रहरु लिनु पर्ने हुन्छ । कुनै देशहरुले तपाई लाई भिजिटर् र नन्-इमिग्रेशन भिसाको लागि निवेदन माग्न सक्दछ । तपाईले भ्रमण गर्ने देशमा भिसा चाहिन्छकी भनी बुझ्नु पर्दछ । तपाईले भ्रमण योजना बनाउँदा खेरी नै प्रसस्त समय राखेर निवेदन दिनु राम्रो हुनेछ । यदि तपाई त्यस्तो देशको नागरिक हुनु हुन्छ जो संग भिसा छुटको सम्झौता छ भने तपाई लाई भिसा नचाहिन सक्दछ, तर तपाई संग आफ्नो नागरिकता भएको देशको आधिकारीक पासपोर्ट हुनु पर्दछ ।

तपाई क्यानाडामा पुनः भित्रिनको लागि तपाईले आधिकारीक स्थायी बासिन्दा कार्ड अथवा अरु कागजपत्र जसले तपाई स्थायी बासिन्दा जनाउछ देखाउन पर्ने हुन्छ । यो चाँही तपाईको परीवारको सबै भ्रमण सदस्य, वालकहरु सहित लाई लागु हुन्छ ।

एक स्थायी बासिन्दाको हैसियतले तपाईले आफ्नो देशको पासपोटले भ्रमण गर्न सक्नु हुन्छ तर त्यस देशको लागि चाहिने भिसाको प्रावधान पुरा गर्नु पर्ने हुन्छ , क्यानाडाको लागि होइन । तपाई एक क्यानाडाको नागरिकको हैसियतले भ्रमण गर्न सक्नु हुन्न ।

## यदि म नोभा स्कोसिया नोमिनि प्रोग्राममा छनौट भएको छु भने मेरो उत्तप्रवासको पदस्थिति कस्तो हुन्छ ?

तपाईको स्थायी बासीन्दा हुने दुइ खुड्किला मध्ये पहिलो खुड्किला पुरा हुन्छ । यदि तपाई चुनिनु भएको छ भने, सिटिजनसिप एण्ड इमिग्रेशन् क्यानाडामा स्थायी बासिन्दा बन्नको लागि निवेदन दिनु पर्दछ । खालि संघिय सरकार संग स्थायी बासीन्दाको पदस्थिति दिने आधिकार हुन्छ ।

## के म परिवार सदस्यको लागि क्यानाडामा आश्रयदाता हुन सक्छु ?

क्यानाडाको नागरिकहरु र स्थायी बासिन्दाहरुले आफ्नो परिवार भित्रका केहि दर्जाका सदस्यहरु को लागि आश्रयदाता बन्न सकिन्छ ।
परिवारका दर्जाहरु यि हुन :

- तपाईको अर्धाङ्गीनी र कानुनी जीवन साथी ।
- तपाई माथि निहित वालवालिका – यसो भन्दाले २२ वर्ष मुनिका अविवाहित र कानुनि जिवन साथी नभएको वालक । कुनै विशेष परिस्थितिमा तपाईले २२ वर्ष माथिको वालकको पनि आश्रयदाता वन्न सक्नु हुनेछ ।

कुनै परिस्थितिमा तपाईले तपाईको नातेदारको पनि आश्रयदाता बन्न सक्नु हुनेछ । विभिन्न पारिवारीक दर्जाको आश्रयदाता सम्बन्धि जानकारीको लागि पम्प्लेटको तल उल्लेखित सिटिजनसिप एण्ड इमिग्रेशन् क्यानाडाको वेबसाइट हेर्नुस ।

केहि मानिसहरुलाई क्यानाडामा आउन प्रतिवन्ध लगाएको हुन्छ। उनिहरु निषेधित का रुपमा चिनिन्छ । यस संम्वन्धमा तपाईले अरु जानकारी सिटिजनसिप एण्ड इमिग्रेशन् क्यानाडाको तल उल्लेखित वेबसाइट हेर्नुस ।

यदि तपाई आफ्नो नातेदारको आश्रयदाता बन्नु भयो भने, नाता को किसिम हेरी तपाईले तिन देखि दस वर्ष सम्म उ अथवा उनी लाई अर्थिक सहयोग गर्ने वाचा गर्नु पर्दछ । सहयोगको लागि तँपाइले प्रसस्त आम्दानी गर्नु हुन्छ भन्ने प्रमाणित गर्नु पर्ने हुन्छ ।

## हामी अस्थायी बासिन्दा हौं तर हाम्रो बच्चा यहि जन्मेका हुन्। यसले के हाम्रो उत्तप्रवासको पदस्थितिमा केहि फरक ल्याउँछ ?

ल्याउँदैन, यदि दुबै अभिभावकहरु अस्थायी बासीन्दा हुन् भने नयाँ बच्चा स्वतह क्यानाडाको नागरिक हुन्छ तर उनीहरुको अस्थायी बासीन्दा को पदस्थितिमा केहि फरक पर्दैन ।